

वार्षिक प्रगति तथा तथ्याङ्क पुस्तिका: २०८१/८२

लुम्बिनी प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

घोराही, दाङ

वार्षिक प्रगति तथा तथ्याङ्क पुस्तिका

आ.व. २०८१/८२

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

घोराही,दाङ्ग

फोन नं.560021-028
Email:vethosdang@gmail.com
Web Site : dang.vethos.gov.np

मेरो भनाई

कृषिको अभिन्न अंग रहेको पशुपालन व्यवसाय नेपालीहरुको पशुपंक्षि तथा मत्स्यजन्य पदार्थबाट पोषण सुधारका तथा रोजगारी सृजनाका लागि अहम भूमिका खेल्छ । साकाहारी मानिसका लागि समेत दूध तथा दुग्ध जन्य पर्दाथको अनिवार्य सेवन गर्न विज्ञहरुको सुझाव छ। परम्परागत पशुपालन व्यवसायलाई सुधार गरी व्यवस्थित पशुपालन प्रणाली अपनाई उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी उत्पादन लागत समेत घटाउनु नितान्त आवश्यक छ ।

दाङ जिल्लाको अधिकांश भू-भाग मध्ये करिव ६५% बन जंगलले ढाकेको छ । यो जिल्ला व्यावसयिक कुखुरा पालनको लागि उर्वर भुमिका कारण जिल्लामा १ दर्जनभन्दा बढी ह्याचरीबाट उत्पादित चल्ला तथा हुर्किएका कुखुरा अन्य जिल्लामा निर्यात हुनुका साथै व्यावसायिक पशुपन्छीपालन, मत्स्यपालन तथा घाँस खेतीका लागि कृषकहरु आकर्षित भएको देखिन्छ । विगत केही वर्ष यता नविनतम प्रविधिमा आधारित स्थानिय कुखुरा, कालिज, लौकाट, वट्टाई पालन तर्फ कृषकहरु उत्साहित भएको देखिन्छ। नेपालकै चिनारी वोकेको वर्षिम घाँसको स्रोत केन्द्र, पशु आहारको लागी संचालित साइलेज उद्योगहरुले पशु पालन व्यवसायलाई टेवा पूऱ्याएका छन । यस कार्यालयबाट संचालति कार्यक्रमहरुबाट व्यवसायिक किसानका साथै विपन्न, गरिव, दलित तथा आयश्रोत कम भएका महिला तथा कृषकहरुको आय आर्जजनमा वृद्धि गर्नका लागि विशेष तथा लक्षित कार्यक्रम हुदै आएका छन।

पशुपालनमा आवद्ध कृषक तथा सेवाग्राहीलाई पशुपन्छी उपचार तथा खोप सेवा, रोग निदान तथा प्रयोगशाला सेवा, पशु प्रजनन् समस्या निवारण तथा डोर टु डोर कार्यक्रम, नश्ल सुधार तथा कृत्रिम गर्भाधान सेवा, तालिम तथा परामर्श सेवा, वीमा सहजिकरण, लगायत विभिन्न अनुदानका कार्यक्रमहरु जस्तै उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम, वालीवस्तु विशेष सघन विकास कार्यक्रम, स्मार्ट कृषि कार्यक्रम, विविधिकरण तथा बजारीकरणका कार्यक्रम संचालन गर्दै आएको छ ।

आ.व.२०८०।०८१ मा यस कार्यालयबाट सम्पादन गरिएका विभिन्न कार्यक्रमहरुमा व्यक्तिगत तथा संस्थागत सहयोग, सहजिकरण तथा अभिप्रेरित गराउनुहुने माननिय कृषि मन्त्रीज्यू, सचिवज्यू, निर्देशकज्यू, महाशाखा प्रमुखज्यूहरुमा आभार प्रकट गर्दछु ।यस्तै कार्यक्रम संचालनमा उचित पृष्ठपोषण दिनुहुने जिल्ला समन्वय प्रमुख ज्यू, प्रमुख जिल्ला अधिकारी ज्यू, कोष नियन्त्रक ज्यूहरुमा आभार प्रकट गर्दछु ।कार्यालयको सूचना प्रकाशन, फिल्ड भेरिफिकेशन, छनौट र अनुगमन प्रकृयामा अहोरात्र खटि प्रगति हासिल गर्न सहयोग गर्नुहुने कार्यालयका सहकर्मी भरत देवकोटा, प्रेमकुमार चौधरी, शेर ब. के.सी, हेमन्त प्रकाश के.सी. र ध्रुवकुमार वस्नेतमा धन्यवाद प्रकट गर्न चाहान्छु। यस केन्द्रलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण सरकारी तथा गैरसरकारी निकाय, कृषक, समूह, सहकारी, व्यवसायिक फार्मप्रति आभार एवं धन्यवाद प्रकट गर्न चाहान्छु । भावी दिनहरुमा पनि यहांहरु सबैको सहयोगको अपेक्षा राख्दछु।

अन्त्यमा यो पुस्तक प्रकाशनको लागि अहोरात्र खटिइ अथक प्रयास गर्नुहुने पशुपन्छी विकास तथा प्रविधि प्रसार शाखा प्रमुख तथा यस कार्यालयका सूचना अधिकारी कृष्ण कुमार न्यौपाने लगायत कार्यालयका बिभिन्न शाखाका सम्पूर्ण कर्मचारी साथीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

मितिः २०८३ असार

डा. हरिनारायण प्रसाद थारु
नि. कार्यालय प्रमुख
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दाङ्ग

विषय सूची

क्र.सं.	विवरण	पृष्ठ संख्या
	भाग–१ दाङ्ग जिल्लाको परिचय	
१.१	भूगोल	१
१.२	ऐतिहासिक सन्दर्भ	२
१.३	धार्मिक सांस्कृतिक सन्दर्भ	३
१.४	सामाजिक सांस्कृतिक स्वरूप	४
१.५	अर्थतन्त्र	५
१.६	भौतिक पूर्वाधार	६
१.७	प्राकृतिक श्रोत सम्पदा	६
१.८	वातावरण	७
१.९	तापक्रम तथा वर्षा	७
	भाग-२ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र दाङ्ग	
२.१	परिचयः	८
२.२	सेवा करार प्राविधिकहरुको विवरण	१२
२.३	कार्यालयको खर्च भएर नजाने जिन्सी समानको विवरण	१७
२.४	कार्यालयको बार्षिक प्रगति विवरण	१९
२.५	वार्षिक भारित तथा वित्तिय प्रगति प्रतिवेदन	३३
२.६	राजश्व संकलनको प्रगति विवरण	३३
२.७	वेरुजुको विवरण	३४
२.८	डिस्पेन्सरी/कार्यालयबाट सेवाप्राप्त सेवाग्राहीको विवरण	३४
२.९	कृत्रिम गर्भाधान सेवा	३५
२.१०	खोप कार्यक्रम संचालन	३६
२.११	प्रगति नपुगका कारणहरु	३७
२.१२	आ.व. २०८१/८२ मा गरिएको नियमन कार्यक्रम अनुगमन विवरण	३९
२.१३	आ.व. २०८१/८२ को बार्षिक आयात निर्यात विवरण (अन्तर जिल्ला)	४०
२.१४	जिल्लामा संचालनमा रहेका स्रोत केन्द्रहरु	४१
	अनुसूचीहरु	४३-९२
	भाग -३	
३.१	अनुदान सम्वन्धी विवरण	९३
३.२	पोषण सुधारका लागी ग्रामिण कुखुरा पालन कार्यक्रम	९५
३.३	लक्षित समुदाय विशेष आय आर्जन कार्यक्रम	९५
३.४	बंगुर प्रबर्धन कार्यक्रम (तुल्सीपुर उपमहानगरपालिका)	९५
३.५	बाली वस्तु विशेष सघन व्यवसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम(भैसीपालन र बाख्रापालन)	९६

क्र.सं.	विवरण	पृष्ठ संख्या
३.६	बंगुरमा कृत्रिम गर्भाधानका लागि सेवा केन्द्र संचालन	९७
३.७	बाख्रा प्रबर्द्धन कार्यक्रम (तुल्सिपुर उ.म.न.पा, शान्तिनगर गाँउपालिका र दङ्गिशरण गाँउपालिका)	९७
३.८	मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम	९९
३.९	नयाँ पोखरी निर्माण	९९
३.१०	पुरानो पोखरी मर्मत संभार (सिल्पोलिन सहित)	१००
३.११	मत्स्य बजारीकरणको लागि होल्डिङ्ग तथा कन्डिसङ्ग ट्यांक निर्माण	१००
३.१२	प्राकृतिक जलाशयमा मत्स्य प्रवर्द्धन	१००
३.१३	अनुदान कार्यक्रमबाट लाभान्वितको विवरण	१०१

तालिका सूची

क्र.सं.	विवरण	पृष्ठ संख्या
तलिका १	कर्मचारी संगठनात्मक चार्ट	९
तलिका २	दरवन्दी विवरण	१०
तलिका ३	कर्मचारी विवरण	११
तलिका ४	तालिका : ४ नागरिक वडापत्र	१४
तलिका ५	खर्च भएर नजाने जिन्सी समानको विवरण	१७
तालिका ६	जिल्लाका स्थानीय तहका पशु सेवा शाखामा कार्यरत रहेका कर्मचारीहरुको विवरण	४२

भाग–१
दाङ्ग जिल्लाको परिचय

"नेपालको संविधान २०७२" जारी भए संगै नेपालको शासन प्रणाली संघीय संरचनामा प्रवेश गरेको हो । नेपालको संविधान २०७२ को भाग ५ को धारा ५६ मा राज्यको संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुनेछ भनी उल्लेख गरिएको छ । प्रदेश तहमा नेपाललाई सात प्रदेशमा विभाजन गरी संविधानको धारा ५६ को उपधारा (३) भनी प्रदेश र प्रदेशमा रहने जिल्लाहरु उल्लेख गरिएको छ । जस अनुसार लुम्विनी प्रदेशमा यस दाङ्ग जिल्लालाई राखिएको छ । यो जिल्ला लुम्विनी प्रदेशको भौगोलिक हिसावले सवैभन्दा धेरै क्षेत्रफल ओगटेको जिल्ला हो । यस जिल्लाको दक्षिणी भागबाट नेपालको मुख्य राजमार्ग (महेन्द्र राजमार्ग) करिव ९० किलो मिटरको लामो दुरी रहेको छ भने धार्मिक दृष्टिकोणबाट एसिया कै अग्लो त्रिशुल रहेको धारापानी पाण्डवेश्वर मन्दिर, अम्विकेश्री, वारकुने दह (वराह क्षेत्र), वगारवावा (रिहार) जस्ता धार्मिक क्षेत्रहरु पर्दछन ।

१.१ भूगोल

नेपालको मानचित्रमा ८२° २' देखि ८२° ५४' सम्म पूर्वी देशान्तर र २७° ३६' देखि २८° २९' सम्म उत्तरी अक्षांश बीच फैलिएर रहेको यस जिल्लाको क्षेत्रफल २,९५५ वर्ग कि.मि. छ । यस जिल्लाको दक्षिणी सिमानामा भारतको उत्तर प्रदेश पर्दछ, उत्तरमा लुम्विनी प्रदेशका जिल्लाहरु मध्ये प्यूठान र रोल्पा जिल्लाहरु पर्दछन् भने कर्णाली प्रदेशको सल्यान जिल्लाले पनि छोएको छ । त्यसै गरी पूर्वी सिमानामा प्यूठान र अर्घाखाँची तथा कपिलवस्तु जिल्लाहरु पर्दछन् भने पश्चिममा लुम्विनी प्रदेशकै बाँके जिल्ला पर्दछ भने कर्णाली प्रदेशको सल्यान जिल्ला पनि पर्दछ । भौगोलिक रुपमा यस जिल्लामा भित्री मधेसका समथर फाँटहरु, यी फाँटहरुलाई चारैतिरवाट घेर्ने साना तथा मध्यम पहाडहरु समेत वाट निर्मित दुई उपत्यकाहरु र पहाडी धरातल (महाभारत तथा चुरे) समेत रहेका छन् । यी उपत्यकाहरु मध्ये उत्तरी अर्थात मथिल्लो उपत्यका 'दाङ' र दक्षिणी अर्थात तल्लो उपत्यका 'देउखुरी' को नामवाट परिचित छन् । यी दुवै उपत्यकाहरु पुर्व-पश्चिम भै फैलिएर रहेका छन् । दाङ उपत्यका नेपालकै सर्वाधिक ठुलो उपत्यकाको रुपमा मात्र परिचित मात्र नभै एसियाकै ठूला उपत्यकाहरु मध्ये एक मानिन्छ । दाङ उपत्यका महाभारत र चुरे पहाडको विचमा अवस्थित छ भने देउखुरी उपत्यका चुरे पहाड र डडुवा डाँडाका श्रृंखला विचमा रहेको छ ।

यस जिल्लाको दक्षिण-पुर्वी भेकमा पर्ने राप्ती गाउँपालिकाको वडा नं. ६ को भानपुर गाँउ जिल्लाकै सवैभन्दा न्यूनतम उचाई विन्दु (समुद्र सतह वाट २१३ मीटर) रहेको क्षेत्र मानिएको छ भने जिल्लाको पुर्वी सिमानामा पर्ने दुर्गम पहाडी वंगलाचुली गाउपालिकाको अर्खले जिल्लाको अधिकतम उच्च विन्दु (समुद्र सतह वाट २०५८ मीटर) रहेको स्थान मानिएको छ । जिल्लाको औसत लम्बाइ (पूर्व-पश्चिम) ९० कि.मि. छ भने औसत चौडाइ (उत्तर-दक्षिण) ७२ कि.मि. रहेको छ ।

राप्ती र ववई यस जिल्ला भै वग्ने ठूला नदिहरुको रुपमा परिचित छन् । राप्ती दाङ जिल्लाको दक्षिणी उपत्यका देउखुरीको पूर्व वाट पश्चिम भएर वगेको छ भने ववई दाङ उपत्यकाको दक्षिणमा रही पुर्व वाट पश्चिम तर्फ । यी नदीहरु वाहेक यस जिल्ला भएर वग्ने खोला नालाहरुमा कटुवा खोला, सिस्ने

खोला, सेवार खोला, हापुर खोला, पत्रे खोला, संग्राम खोला, ग्वार खोला, पातु खोला, अर्जुन खोला, आदी प्रमुख हुन् । त्यसैगरी जिल्लाका प्रमुख ताल, तलाउ तथा दहहरुमा बाह्रकुने दह, तप्त कुण्ड, जखेरा ताल, चरिङ्गे दह, भोटे दह, किचेनी दह, ज्यामिरे दह, पर्दछन् भने पुरन्धारा छहरा र सुन छहरा यस जिल्लाका प्रमुख झरनाहरु हुन् ।

नेपालको मानचित्रमा दाङ भारत संग जोडिएता पनि यहाँ अन्य तराईको दाँजोमा गर्मीको महसुस कम हुन्छ । जिल्लाको दक्षिणमा पर्ने देउखुरी तथा सो भन्दा दक्षिणीक्षेत्रमा उष्ण प्रकारको जलवायु (tropical climate) छ भने उत्तरी क्षेत्रमा पर्ने दाङमा उपोष्ण प्रकारको जलवायु (sub tropical climate) रहेको छ । त्यसैगरी जिल्लाको उत्तरी पहाडी क्षेत्रमो शितोष्ण प्रकारको जलवायु (Temperate Climate) रहेको छ । यहाँको वायुमण्डलको सापेक्षिक आर्द्रता कम भएका कारण हावा सुख्खा महसुस हुन्छ । जिल्लाको कुल क्षेत्रफलको करिव दुई-तिहाई क्षेत्रफल (१९२९.५५वर्ग कि.मि.) वनजंगलले ढाकेको छ भने कृषि क्षेत्र, अनुत्पादित क्षेत्र र चरिचरण क्षेत्र क्रमशः ६९९.५, २०४.४५ र १२९.५ वर्ग कि.मि. रहेको छ । यहा कोइला र चुनढुङ्गाका साथै तामा, मट्टितेल लगाएतका खनिज पदार्थको प्रचुरता रहेको मानिन्छ । जिल्लाको महाभारत तथा दाङ उपत्यकामा चिम्ट्याईलो माटो, चुरे क्षेत्रमा वलौटे दुमट माटो र देउखुरी उपत्यकामा दुमट माटो पाइन्छ । यहाँका खोलानालाहरुमा प्रसस्तमात्रामा वालुवा, ढुङ्गा तथा यी दुवैको मिस्कट पाइन्छ ।

१.२ ऐतिहासिक सन्दर्भ

दाङ जिल्ला भनेर चिनिने यस क्षेत्रले दाङ र देउखुरी नामक दुईवटा उपत्यकाहरुका साथै यी उपत्यकाका वरिपरि रहेका पहाडी क्षेत्रका र तिनीहरुको पानी ढलीलाई बुझाउदछ । पहाडहरुका वीचमा रहेको मैदानी भू-भागलाई बुझाउने संस्कृतको 'द्रोण' शब्दबाट 'दाङ' शव्दको उत्पत्ति भएको र पहिलो बस्ती 'देवपुर' शव्दबाट 'देवपुरी' शब्द उत्पत्ति भएको र सो शब्द अपभ्रंश भै 'देउखुरी' शब्द बनेको मानिन्छ (स्रोतः स्व. श्री टेकनाथ गौतम) ।

थारुजातीका मानिसहरु दाङ जिल्लाका प्रथम वासिन्दा मानिन्छन् र यिनीहरु यस जिल्लामा पश्चिम-दक्षिणबाट यहाँ आएर बसेको मानिन्छ । थारुहरु पछि यस ठाउँमा आएर वसोवास गर्नेहरुमा दोश्रो स्थानमा बाहुनहरु जातिका मानिसहरु थिए । त्यस पछि मात्र अन्य जात-जातिका मानिसहरु पहाडबाट यहाँ आई वसोवास गर्नथालेको मानिएको छ । वि.सं. २०१४ सालसम्म पनि यस जिल्लामा थारुहरुको वाहुल्यता थियो भने दोस्रो स्थान बाहुनको थियो । त्यसपछि मात्र अन्य जात-जातीका मानिसहरुको उपस्थिति रहेको थियो । नयाँ मुलुकमा (वाँके, वर्दिया, कैलाली र कञ्चनपुर) जमिन आवाद गर्न पाइने व्यवस्थाले गर्दा यहाका प्रथम वासिन्दाका रुपमा परिचित तथा व्यापक वाहुल्यतामा रहेका थारुजातिका मानिसहरु नयाँ मुलुकतर्फ वसाई सराई गर्न लागे । सो को लगत्तै बिर्ता उन्मुलन हुनुका साथै छोटो समयको अन्तराल भित्रै भूमीसुधार कार्यक्रम पनि सुरु हुन थाल्यो जसले गर्दा थारुहरुले आफ्नो स्वामित्वमा रहेको जमिन धमाधम बेच्न लागे । साथसाथै दाङमा औलो उन्मूलन कार्यक्रमका कारण औलोको प्रकोपमा कमी आई औलोको कारण वाट हुनसक्ने मृत्युको डर पनि कम हुदै जान थाल्यो, यस पछि थारुहरुले छाडेको जमिनमा

पहाडबाट वसाईसराई गरी आउने अन्य जातजातीका मानिसहरुको ओइरो लाग्न थाल्यो । फलस्वरुप थारुहरुको वाहुल्यतामा कमी हुन थाल्नुका साथै अन्य जात-जातिहरुको उपस्थिति पनि देखिन थाल्यो ।

धेरै पहिले देखि नै दाङको उत्तरी काँठ पहाडी राजाहरुका अधिनमा थियो भने दक्षिणको मैदानी भु-भाग थारु राजाका अधिनमा थियो । बिक्रमको १४औं शताब्दी को आखिरी तिर यो जुम्लाको अधिनमा थियो । पछि वि.सं.१४८० तिर सवारीकोटका राजा रतनपाण्डेले थारुको राज्यलाई आफ्नो राज्यमा मिलाएर रत्न परिक्षित (कतिपय पुस्तकहरुमा रत्न परिक्षक लेखिएको पाइएको छ) नामले दाङका राजा भए ।

रत्न परिक्षितको छोरा नभएकाले उनले केही समयपछि बझाङबाट राजकुमार झिकाई आफ्ना ठाउँमा राजाको रुपमा स्थापित गराएर आफुले नाथ संप्रदायको दीक्षा लिई त्यसको प्रचारमा पश्चिमोत्तर भारततिर लागे । रतननाथले दाङ छाड्दा यस राज्यको विस्तार शिवराज इलाकाको अर्रासोता देखि पश्चिम राप्तीसम्मको तुलसीपुर भनिने इलाका सम्म थियो । विक्रम सम्वत् १८४३ मा नेपालको एकिकरणका क्रममा दाङका राजा नवल सिंहले गोर्खाली संगको तापाको लडाईमा (तापा हाल वंगलाचुली गा.पा.मा पर्दछ) विरगति प्राप्त गरे ।

पछि उनका राजकुमार दिलेर सिंहले दाङको पुरै क्षेत्रको रक्षा गर्न सकेनन् । आफ्नो आधा राज्य तुलसीपुरको समथर मैदानी भू-भाग मात्र बचाई त्यहीका राजा भएर बसे । गोर्खालीले जितेको दाङको देउखुरी क्षेत्र पृथ्वीनारायण शाहकी छोरी सल्यानका युवराज्ञीलाई विर्ता भनी दिए । वि.सं. १८६५ मा सल्यानको राज्य नेपालमा मिल्दा दाङ पनि नेपालमा मिल्यो । वि.सं. १८९४ सालमा दरबारका कुनै कुमारीको विवाह गरिदिंदा सल्यानी राजाका बंशज तेजबहादुर शाहलाई 'राजा' पद र पश्चिमी दाङको क्षेत्र फलाबाङ राजाका नामले प्रदान गरियो र दाङ खण्डीत भयो ।

नेपाल एकिकरण पछि दाङ जिल्ला सल्यान गौंडाका मातहतमा थियो । वि.सं. १९३८ सालमा दाङको मैदानी भागलाई तौलिहवा गोश्वाराका मातहतमा, वि.सं. १९९६ सालमा भैरहवा गोश्वाराका मातहतमा र वि.सं. २००३ सालमा नेपालगंज गोश्वाराका मातहतमा राखिएको थियो । वि.सं. २००७ सालसम्म यस जिल्लामा माल, अदालत, हुलाक, इन्सपेक्टर अफिस मात्र थिए । वि.सं. २००८ साल जेठ ३ गतेदेखि छुट्टै जिल्ला मानियो र यहाँ वडा हाकिम रहन थाले । वि.सं. २०१७ सालमा राप्ती अञ्चलको सदरमुकाम दाङ मानिए पछि यहाँ अञ्चलाधिस रहन थाले ।

वि.स. २०१८ सालमा फलावाङ राज्यको उन्मूलन भयो । त्यसपछि दाङको पश्चिमी भाग र पहिले देखि नै सल्यानमा रहेको दाङको उत्तरी पानी ढली वि.सं. २०३० सालतिर दाङमा मिल्यो त्यसपछि मात्र दाङ आजको अवस्थामा आएको हो ।

१.३ धार्मिक सांस्कृतिक सन्दर्भ

यस जिल्लामा हिन्दूहरूका लागि दाङ र आसपासका जिल्लाहरुमा समेत ख्याति पाएका मन्दिरहरू रहेका छन् । यसका अलावा वौद्ध, इस्लाम तथा क्रिश्चियन धर्म संग सम्वन्धित धार्मिक संस्थाहरु समेत निर्माण हुन थालेको पाइन्छ । हिन्दु धर्मका संस्थाहरु मध्ये अम्बिकेश्वरी मन्दिर घोराही-१५, अम्वापुर), कालिका भगवती मन्दिर घोराही-१५, मसिना), शिद्धरत्ननाथ पिठ घोराही-१७, चौघेरा), पाण्डवेश्वर शिव

मन्दिर (धारपानी, धर्ना-५), बराहक्षेत्र वाह्रकुने ताल (घोराही-१३ सेवार), गढीटाकुरा मन्दिर (घोराही-१०, नारेवाङ), जाल्पादेवी मन्दिर (घोराही-४, हर्नोक), कालिका-मालिका मन्दिर (तुल्सीपुर-१९ छिल्लीकोट), बगार बाबा मन्दिर (लमही-९, रिहार), वागेश्वरी मन्दिर (वंगलाचुली-२, उजा), देवीकोट मन्दिर (वंगलाचुली ८ देवीकोट), शुक्रेश्वरी मन्दिर (तुल्सीपुर-१० सुकौरा), शिद्धेश्वर शिव मन्दिर (तुल्सीपुर-११ सितलपुर), त्रिसिद्धेश्वरी मन्दिर (तुल्सीपुर-४), ॐ शिरडी साई मन्दिर घोराही-१४, घोराही), राधाकृष्ण मन्दिर (तुल्सीपुर-८ दुधेना), सत्यसाई केन्द्र घोराही-१४, घोराहीवजार) रामजानकी मन्दिर (गढवा-८ कोइलावास) आदि प्रमुख मन्दिरहरु हुन् । यी मन्दिरहरु वाहेक अन्य थुप्रै मन्दिरहरु यस जिल्लामा अवस्थित छन् । त्यसै गरी घोराही-१४ मजुरेडाँडामा वुद्ध धर्मको आस्थाको केन्द्रको रुपमा परिचित नमः छु: वौद्ध गुम्वा रहेको छ भने भालुवाङ, लमही घोराही तथा तुल्सीपुरमा ईस्लाम धर्म संग सम्वन्धित मस्जीदहरु पनि छन् ।

यस जिल्लामा धार्मिक तथा सांस्कृतिक महत्वका निकै आकर्षक र वृहत् जात्रा एवं मेलाहरू पनि लाग्दछन् । ती मेलाहरुमा पौष मसान्त देखी माघे संक्रान्ती सम्म घोराही-१३ वाह्रकुने दह क्षेत्रमा लाग्ने 'वाह्रकुने दह मेला', माघे संक्रान्तीमै लाग्ने लमही-९ मा रिहारमा लाग्ने रिहार मेला, फाल्गूण कृष्ण विजया एकादशीका दिन घोराही-१७ अवस्थित शिद्धरत्ननाथ मन्दिर क्षेत्रमा लाग्ने पिरफिरे मेला वा पिर थापना मेला, कोजाग्रत पूर्णिमा र अघिल्लो रात घोराही-१ को काउले पानीमा लाग्ने काउले पानी मेला, शिवरात्रीका दिन घोराही- ५ पाण्डवेश्वर शिव मन्दिर क्षेत्रमा लाग्ने धारपानी मेला, शिवरात्रीको समयमा शान्तिनगर-३, कालाखोलामा लाग्ने भोटे मेला प्रमुख मेलाहरु हुन । यी वाहेक विभिन्न मठ मन्दिरमा धार्मिक पर्वका अवसरमा थुप्रै मेलाहरु लाग्ने गर्दछन् ।

दाङमा थारु, क्षेत्री, व्राह्मण, मगर, दलित तथा यादवहरुको संस्कृति झल्कने नाचहरु वढी प्रचलनमा छन् । यी नाचहरुमा थारुहरुको वर्का नाच, सख्या-पैया नाच, लट्ठा नाच, ढोलामा नाच, हुर्दुङ्ग्या नाच, महोट्या नाच, झुमरा नाच प्रमुख नाच मानिन्छन् भने मगर समुदायका भुमेनाच, सेरिङ्डे नाच, डाम्फ्या स्याई नाचका साथै नेपाली भाषीहरुको सोरठी नाच, टप्पा नाच, बयलडाँरी, मामै नाच, सिंगारु नाच आदी नाचहरु प्रमुख नाच मानिन्छन् ।

१.४ सामाजिक सांस्कृतिक स्वरूप

अन्य जिल्लाहरु जस्तै यस दाङमा पनि विभिन्न प्रकारका जातजाती, धर्मावलम्वीहरुका र भाषाभाषीहरुको वसोवास भएको पाइन्छ । वि.स. २०७८ सालको राष्ट्रिय जनगणना अनुसार कुल जनसंख्या ६७६२७७ रहेकोमा पूरुष ३५४३७६ महिला ३२१९०१ जना रहेको छ (स्रोत तथ्याङ्क कार्यालय दाङले दिएको), वि.सं. २०६८ सालको राष्ट्रिय जनगणना अनुसार यहाँ यस जिल्लामा ६२ जातजातिहरुले वसोवास गरेको पाईन्छ । यहाँका प्रमुख जातजातिहरु मध्ये थारुहरु सवै भन्दा धरै संख्यामा (२९.५१ प्रतिशत) छन् । त्यस पछाडी धेरै संख्यामा रहेका जातजातिहरुमा क्रमशः क्षेत्री (२४.९० प्रतिशत), मगर (१३.५९ प्रतिशत), व्राह्मण (१०.२४ प्रतिशत), कामी (६.३८ प्रतिशत), दमाई (२.६८ प्रतिशत), सन्यासी (२.३३ प्रतिशत) आदी रहेका छन् । त्यसपछि क्रमश सार्की, कुमाल, यादव र ठकुरी रहेका छन् । बाकीको संख्या १ प्रतिशत भन्दा कम रहेको छ ।

त्यसै गरी सोही जनगणना अनुसार यस जिल्लामा २१ प्रकारका भाषा-भाषीहरुको उपस्थिति रहेको छ । जसमध्ये नेपाली भाषा मातृ भाषा हुने दुई तिहाई अर्थात (६६.५४ प्रतिशत) र त्यसपछि क्रमशः थारु (२८.१२ प्रतिशत), अवधी १.८६ प्रतिशत र त्यसपछि क्रमश मगर, खाम, हिन्दी, उर्दु आदी भाषा मातृ भाषा मान्ने रहेका छन् । धर्मको दृष्टिकोणले यस जिल्लामा हिन्दुहरुको व्यापक ठूलो वाहुल्यता रहेको पाईएको छ । यहाँ ९६.४६ प्रतिशत हिन्दु, ११.६३ प्रतिशत वौद्ध, १.३४ प्रतिशत क्रिश्चियन, ०.८६ प्रतिशत इस्लाम र बाकी प्रकृति र बराई धर्माबलम्वीहरु रहेका छन् ।

त्यसैगरी यस जिल्लाको साक्षरता दर ७०.३२ प्रतिशत (रा.ज.ग. २०६८) रहेको पाइएको छ भने प्राथमिक तहमा सहजै देखिने भर्नादर र खुद भर्नादर क्रमशः ११४.२६ प्रतिशत र ९६.७ प्रतिशत रहेको पाइएको छ (फ्ल्यास रिपोर्ट २०७० शिक्षा कार्यालय) । यहाँ ६०२ वटा विद्यालयहरु रहेका छन् । यस्तै ३१ वटा क्याम्पसहरु रहेका छन् । यी मध्ये ८ वटामा स्नातकोत्तर र २८ वटामा स्नातक तहसम्मको अध्यापन हुदै आएको छ । सन् २०११ को आकंडामा आधारित भै UNDP द्वारा प्रकासित मानव विकास सुचकांकमा दाङको सो सूचकको मान ०.५३७ रहेको छ । जुन २००४ मा ०.४०९ मात्र थियो ।।

१.५ अर्थतन्त्र

राष्ट्रिय जनगणना २०७८ अनुसार यस दाङ जिल्लाका दुई तिहाई घरपरिवार कृषि पेशामा संलग्न छन् । त्यसकारण पनि दाङ जिल्लाको आर्थिक मेरुदण्ड मूलतः कृषि नै हो । हाल सम्म यो जिल्ला खाद्यान्न उत्पादनको तथा मागको दृष्टिकोणले आत्मनिर्भर मात्र नभै खाद्यान्न वचतको स्थितिमा छ । यस जिल्लामा गरिने कृषि कार्यभित्र पनि अन्नबाली, नगदेबाली, फलफूल खेती, मौरीपालन, कुखुरा पालन, पशुपालन र माछापालन उल्लेखनीय रहेका छन् । मह, दूध, मासु मौसमी-बेमौसमी तरकारी उत्पादनका लागि यो जिल्ला मुलुककै अग्रणी जिल्लाहरूमध्ये पर्दछ तापनि यहांको परम्परागत तथा पछौटे कृषि प्रणालीमा खासै सुधार आउन नसकेको स्थितिलाई सजिलै संग महसुस गर्न सकिन्छ । यसका साथै कृषिका अतिरिक्त गैह्रकृषि व्यवशाय गर्ने परिवार पनि एक तिहाई बढी अर्थात ४१ प्रतिशत पुगेको छ । यसले यहाँका जनताहरु कृषिको अलावा अन्य व्यवशाय तर्फ पनि आकर्षित छन् भन्ने दर्शाउछ । दङ्गाली जनताहरू सरकारी सेवा (निजामती, प्रहरी, शिक्षण, जंगी), व्यापार-व्यवसाय र वैदेशिक रोजगारमा पनि सक्रिय रहेका भेटिन्छन् ।

घोराही, तुलसीपुर र लमही जिल्लाका प्रमुख व्यापारिक केन्द्रहरु हुन् । औद्योगिक गणना २०६४ अनुसार जिल्लामा १० वा सो भन्दा धेरै कामदार भएका उत्पादनमूलक उद्योगहरू ५५ वटा रहेका थिए । त्यसैगरी २०६४/६५ मा शाखा तथ्यांक कार्यालय वाट लिइएको साना उत्पादनशिल उद्योगहरुको सूची अनुसार यहां ५८५ वटा साना उत्पादनशिल उद्योगहरु संचालनमा थिए भने घरेलु तथा साना उद्योग कार्यालय दाङका अनुसार २०६९/०७० मा दाङ जिल्लाभित्र उत्पादनमुलक तथा सेवामुलक गरी १५८७ वटा उद्योगहरु रहेका पाईएको छ । यसले दाङ अन्य तराईका जिल्लाहरुको उद्योग तथा व्यापारका क्षेत्रमा भएको विकासको दाँजोमा अझै निकै पछाडि रहेको यथार्थलाई इंगित गर्छ ।

यस जिल्लामा वित्तिय क्षेत्रको विकास हुन थालेको देखिन्छ । अहिले गाउँ गाउँमा वचत संकलनका उद्देश्यले थुप्रै समुहहरु गठन भएका छन् । यसका साथै यस जिल्लमा सहकारी क्षेत्रको व्यापक विकास भैरहेको छ । वित्तिय संस्थाहरुको सख्या जोडदा यो संख्या अझ धेरै हुन आउछ । यसका अलावा, जिल्लाको ग्रामिण तथा

शहरी क्षेत्रमा कृषि विकास वैंक, मध्यपश्चिम ग्रामिण विकास वैंक र निर्धन वैंक लगाएतका वैंकका शाखाहरु द्वारा गैरवैकिंङ्ग सेवा प्रदान गरिरहेका छन् । यस वाट दाङ जिल्लामा वित्तिय सुविधाका दृष्टिकोणले विगत भन्दा निकै विकास भएको स्थितिमा छ तर सो सुविधा जिल्लाको ग्रामिण तथा पहाडी क्षेत्रमा भने पुग्न नसकेको स्थिति विद्यमान छ ।

१.६ भौतिक पूर्वाधार

भौतिक पूर्वाधार आफैमा विकासको अंग हुनुका अन्य सम्पुर्ण क्षेत्रको विकास गर्न सहयोग पुऱ्याउने आधार मानिन्छ । जिल्लामा भौतिक पुर्वाधारको विकास सूचकको रुपमा लिइने सडकको सन्दर्भमा ७७ कि.मी. लामो पुर्व पश्चिम राजमार्ग, ४७ कि.मी. लामो लमही तुल्सीपुर सडक, राप्ती राजमार्गको प्रस्थान विन्दु तथा महत्वपूर्ण भाग, तुल्सीपुर सल्यान सडक (निर्माणाधिन) का साथै विभिन्न जिल्ला सडक समेत गरी ४७०० कि.मी. भन्दा वढी सडक निर्माण हुनुका साथै यसको सञ्जाल सवै गा.पा.तथा न.पा.मा पुगेको छ । यहाँ ८३ वटा सिंचाई आयोजनाहरु सम्मपन्न भैसकेको देखिन्छ, जसले जिल्लाको ३७७२६ हेक्टर भुमीमा सिंचाइ सुविधा उपलब्ध गराएको छ, जुन जिल्लाको खेती गरिएको क्षेत्रफल मध्ये करिव ६० प्रतिशत हो । जिल्लाको सवै स्थानिय तहहरुमा विद्युतिकरण भएको देखिन्छ भने विद्युतको उपभोगको सम्वन्धमा नेपाल विद्युत प्राधिकरणका करिव ६४,००० ग्राहकहरु देखिन्छन् ।। यसका साथै १२ वटा एफ.एम. रेडियो स्टेशन, २ लाख ६० हजार भन्दा वढी टेलिफोन तथा मोवाइलको वितरण भएको, सवै स्थानिय तहहरुमा मा स्वास्थ्य संस्थाको स्थापना तथा जिल्लामा १ राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, १ राप्ती प्रादेशिक अस्पताल, २ आँखा अस्पताल, १ आयुर्वेद अस्पताल र अन्य ८ वटा निजी तथा सामुदायिक अस्पतालहरुको स्थापना भएका छन् । त्यसैगरी ५० भन्दा वढी वैंकिङ्ग कारोवार गर्ने शाखाहरु, ६०२ भन्दा वढी विद्यालयका साथै ३१ वटा क्याम्पस हुनु का साथै खानेपानी तथा सरसफाइ तथा सिंचाई लगाएतका क्षेत्रको विकास निरन्तर भइरहेको तथ्य स्पष्ट देख्न र महसुस गर्न सकिन्छ ।

१.१३ प्राकृतिक श्रोत सम्पदा

दाङ जिल्ला क्षेत्रफल तराईका जिल्लाहरु मध्ये दोश्रो ठूलो जिल्ला (२९५५ वर्ग कि.मी.) हो, यहांको विशाल भुमीमा विभिन्न प्रकारका क्रियाकलाप गर्न सकिने ठाउँ प्रसस्त छ । कुल भुमी मध्ये करिव दुई तिहाई क्षेत्रफल वनले ढाकेको छ । वनवाट प्रसस्त काठ दाउराको उत्पादन गर्न सकिनुका साथै १०० भन्दा वढी प्रजातिका जटिवुडीहरु पाइने भएकाले यसको पनि विकासगर्न सकिने सम्भावना छ । राप्ती र ववई नदि र अन्य ८६ वटा खोलानाला छन् । नदीहरुको पानीको उचित उपयोग गर्न सकेमा र वन संरक्षण गर्न सकेमा यहां भएका खोला नालामा पानीको मात्रा वढन सक्ने देखिन्छ । साथै खोला नालमा भएको वालुवा, ढुङ्गा तथा गिट्टीको सदुपयोगवाट फाइदा लिन सकिने स्थिति रहेकोछ । यो नेपालमै वढी चुन ढुङ्गा तथा कोइला पाइने जिल्ला हो । यहां चुनढुङ्गा, कोइला, तामा, नुन, खनिज तेल पाइनुका साथै यहाँको महाभारत तथा चुरे क्षेत्रमा Schists, Quarzites, Fragile sand stone, Conglomerates, Pabbles/ Boulders, Sand stone calcareous, Thin lime stone, Clay/Phyllites लगाएतका चट्टानहरु पाइन्छन् । त्यसैगरी माटो सन्दर्भमा यहाँको महाभारत क्षेत्र र दाङ उपत्यकामा चिम्ट्याइलो माटो (Clay soil), चुरे पहाडमा वलौटे दुमट (Sandy loam) र देउखुरी उपत्यकामा दुमट (Loamy sand) माटो पाइन्छ । दुवै उपत्यकामा माटोको सतह गहिरो र साधारण गहिरो छ भने महाभारत र चुरे क्षेत्रमा भने माटोको सतह ज्यादै पातलोका साथे प्राङ्गारिक तत्वको कमी रहेको छ ।

१.१४ वातावरण

दाङ जिल्ला भौगालिक विविधताले भरिपूर्ण जिल्ला हो अर्थात यहांको भौगोलिक वनौट अनुसार यस जिल्लाको मौसम तथा जलवायुमा पनि विविधता पाईन्छ । त्यसै अनुसार यस जिल्लामा रहेको भावर प्रदेश, डंडुवा पहाड, देउखुरी उपत्यका, चुरे पर्वत, दाङ उपत्यका र महाभारत पहाडमा भिन्दा भिन्दै प्रकारका जलवायुको उपस्थिति रहेको छ तापनि यहाँको मौसम अथवा जलवायुलाई विशेष गरी तीन भागमा विभाजन गर्न सकिन्छ । उष्ण जलवायु (Tropical Climate) : देउखुरी उपत्यकाका १ नगरपालिका र ३ वटा गाउपालकिाहरुमा उष्ण प्रकारको जलवायु (Tropical Climate) रहेको छ । उपोष्ण जलवायु (Sub-Tropical Climate) । जिल्लाको उत्तरी उपत्यकामा परिचित दाङ उपत्यकाका २ वटा उप-महानगरपालकिा ३ वटा गाँउपालिकाहरुमा उपोष्ण प्रकारको जलवायु (Sub-Tropical Climate) पाइन्छ । शितोष्ण जलवायु (Temperate Climate) : जिल्लाको उत्तर पुर्वी महाभारत पहाडमा अवस्थित १ वंगलाचुली गाउपालिकामा शितोष्ण प्रकारको जलवायु (Temperate Climate)पाईन्छ । यस जिल्लाको हावामा तुलनात्मक रुपले अन्य तराई तथा पूर्वी जिल्लाहरुको दाँजोमा सापेक्षित आर्द्रता (Relative Humidity) कम छ, जसका कारण यहाको हावा शुष्क महसुस हुन्छ । जिल्लामा खोलानाला, पोखरी तथा ताल-तलैयाहरुको संख्या प्रसस्त भएतापनि हिउद र विशेष गरी वर्षाद हुनु भन्दा पूर्व गर्मी महिनामा अधिकांस खोलानाला तथा पोखरी तथा तालहरु सुख्खा हुने गर्दछन् ।

१.१५ तापक्रम तथा वर्षा

यस जिल्लामा औषत सामान्य वर्षहरुमा अधिकतम तापक्रम २०.५ डिग्री सेल्सीयस देखी ३९.९ डिग्री सेल्सियस सम्म पुग्ने गरको छ भने न्यूनतम तापक्रम २१.८ डिग्री सेल्सीयस देखी २.५ डिग्री सेल्सियस हुन्छ । जिल्लामा गृष्म ऋतुमा केही गर्मीको र हिउंदमा सामान्य जाडो महसुस हुन्छ, तर देउखुरी क्षेत्रमा गर्मी अलि वढी महसुस हुनुको साथै कहिलेकांही लु (Heats Shock) लाग्ने गर्दछ । यहांको वर्षा वार्षिक सरदर १७०६ मिलिमिटर (आषाढ, श्रावण र भाद्रमा बढी वर्षा हुने) हुने गरको छ । तर विगतका वर्षहरुका आंकडाहरु हेर्दा जिल्लामा न्यूनतम तापक्रम ०.० डिग्री सेल्सीयस र अधिकतम तापक्रम ४०.५ डिग्री सेल्सीयस सम्म पुगेको देखिन्छ । त्यसैगरी सरदर वर्षाको मात्रामा पनि निकै फरक परेको देखिन्छ, जस अनुसार विगत १० वर्षको आंकडा हेर्दा १२६६.३ देखी १७७९.५ मि.मि. पानी परेको देखिन्छ । वङ्गालको खाडीवाट चल्ने मनसुनी वायूवाट यहाँ वर्षाहुने गर्दछ, जुन असार महिना वाट सुरु भै भदौ महिना सम्म सक्रिय रहन्छ । हिउंदमा भने पश्चिमी मनसुनी हावावाट फाटफुट पानी पर्ने गर्दछ ।

भाग-२

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र दाङ्ग


परिचयः

नेपालमा विभिन्न कालखण्डमा संचालन भएका ऐतिहासिक सशस्त्र शान्तिपूर्ण क्रान्ती तथा जनआन्दोलनका माध्यमबाट प्राप्त उपलव्धीको रुपमा रहेको ऐतिहासिक संविधान सभाले बनाएको संविधान नेपालको संविधान २०७२ ले राज्य पुनर्संरचनाको स्पष्ट खाका कोरेको हो । नेपाल २४० वर्ष देखि कायम रहदै आएको एकात्मक राज्यबाट संधात्मक राज्यमा रुपन्तरण भएको हो। "नेपालको संविधान २०७२" जारी भए संगै नेपालको शासन प्रणाली संघीय संरचनामा प्रवेश गरेको हो । नेपालको संविधान २०७२ को भाग ५ को धारा ५६ मा राज्यको संरचना संघ,प्रदेश र स्थानीय गरी तीन तहमको हुनेछ भनी उल्लेख गरिएको छ। प्रदेश तहमा नेपाललाई सात प्रदेशमा विभाजन गरी संविधानको अनुसूचि-४ मा धारा ५६ को उपधारा (३) भनी प्रदेश र प्रदेशमा रहने जिल्लाहरु उल्लेख गरिएको छ।जस अनुसार लुम्बिनी प्रदेशमा यस दाङ जिल्लालाई राखीएको छ ।

दुई जिल्लाको कार्यवोझ लिदै मिति २०७५ साल भाद्र २८ गतेका दिन प्रदेश सरकार, लुम्बिनी प्रदेश ,भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र दाङ्गको रुपमा साविकको जिल्ला पशु सेवा कार्यालयको भवनमा विधिवत रुमपा उद्घाटन भए पश्चात स्थापना भएको हो । दाङ्ग जिल्लामा कार्यालय रहने गरी दाङ्ग र प्यूठान जिल्ला कार्यक्षेत्र रहेको थियो । यस आ. ब. २०७७/७८ को श्रावण महिना देखी प्यूठान जिल्लाको कार्यक्षेत्र हटाइ केबल दाङ जिल्लालाइ मात्र हेर्ने गरी यस बिज्ञ केन्द्र स्थापना भयो । यस कार्यालयमा पशु विकास तथा प्रविधि प्रसार शाखा, पशु चिकित्सा तथा प्रयोग शाला शाखा, मत्स्य विकास शाखा, प्रशासन शाखा र आर्थिक प्रशासन शाखा रहेका छन । यि शाखाहरुबाट पशुपन्छी उपचार सेवा, प्रयोगशाला सेवा, मत्स्य पालन प्रविधि परामर्स सेवा, अनुदान वितरण सेवा जस्ता कार्यहरु गदै आइरहेको छ ।

कर्मचारी संगठनात्मक चार्ट

तालिका नं.१



तालिका नं. २
दरवन्दी विवरण

सि.न.	पदको नाम	तह/श्रेणी	सेवा	समूह	जम्मा दरवन्दी संख्या	पदपुर्ति	रिक्त	कैफियत
१	प्रमुख	रा.प.द्वितिय नवौ/दशौ	कृषि	समुहकृत नहुने	१	०	१	
२	पशु विकास अधिकृत	रा.प.तृतिय/सातौ/आठौं	कृषि	ला.पो.डे.डे	१	१		
३	पशु चिकित्सक	रा.प.तृतिय/सातौ/आठौं	कृषि	भेटेरीनरी	१	०	१	
४	मत्स्य बिकास अधिकृत	रा.प.तृतिय/सातौ/आठौं	कृषि	मत्स्य	१	०	१	
५	अधिकृत	रा.प.अनं.प्रथम/छैठौ	कृषि	ला.पो.डे.डे	१	१		
६	अधिकृत	रा.प.अनं./छैठौ	कृषि	भेटेरिनरी	१	१		
७	अधिकृत	रा.प.अनं./छैठौ	कृषि	मत्स्य	१	१		
८	अधिकृत	रा.प.अनं. /छैठौ	प्रशासन	सामान्य प्रशासन	१	१		
९	लेखापाल	रा.प.अनं./छैठौ	प्रशासन	लेखा	१	१		
१०	पशु स्वास्थ्य प्राबिधिक	रा.प.अनं. पाँचौ	कृषि	भेटेरीनरी	१	१		
११	नयाब पशु सेवा प्राबिधिक	रा.प.अनं. चौथो	कृषि	ला.पो.डे.डे	१	१		
१२	सवारी चालक	श्रेणी विहिन	इन्जिनियरिङ्ग	मेकानिकल	१	१		१ करार सेवा
१३	कार्यालय सहयोगी	श्रेणी विहिन	प्रशासन	सामान्य प्रशासन	२	२		१ करार सेवा
	जम्मा				१४	११	३	

तलिका नं. ३
कर्मचारी विवरण

सि.नं.	कर्मचारीको नाम	पद/तह	शैक्षिक योग्यता	स्थायी ठेगाना	सम्पर्क नं.
१	डा. प्रतिमा विष्ट	कार्यालय प्रमुख (अधिकृत आठौ)	वि.भि.एस.सी.एण्ड ए.एच.	ओमसतिया१ रुपन्देही	९८५७८३१४३८
२	श्री कृष्ण कुमार न्यौपाने	अधिकृत छैठौ	जे.टि.ए. (पशु विज्ञान)	लमही न.पा.५ दाङ्ग	९८५७८२६६८५
३	श्री भरत देबकोटा	अधिकृत छैठौ	जे.टि.ए (पशु विज्ञान)	तुल्सीपुर १४ दाङ्ग	९८५७८२५८०१
४	श्री लेटर बहादुर अधिकारी	अधिकृत छैठौ	१२ पास	घोराही ६ गुलरिया	९८४७८६२४२७
५	श्री प्रेम कुमार चौधरी	अधिकृत छैठौ	जे.टि.ए.	वैजनाथ गा.पा.८ वाँके	९८४७८५९१७५
६	श्री हेमन्त प्रकाश के.सी.	लेखापाल	वि.ए.पास	त्रिवेणी गा.पा. रुकुम पश्चिम	९८५८०३०७५६
७	श्री ध्रुव कुमार वस्नेत	सहायक चौथो	जे.टि.ए.	घोराही १३ दाङ्ग	९८४७८२८८१०
८	श्रीखड्ग बहादुर के.सी.	ना.प.से.प्रा.	जे.टि.ए (पशु विज्ञान)	तुल्सीपुर ८ दाङ्ग	९८४७८३३३७६
९	श्री आशिष योगी	ह.स.चा.	साधारण लेखपढ	घोराही १७ दाङ्ग	९८४७९६४७२३
१०	श्री विशाल चौधरी	का.स.	बाह्र पास	घोराही १३ दाङ्ग	९८४८०५७४९८
११	श्री राजु चौधरी	का.स.	साधारण लेखपढ	घोराही १७ दाङ्ग	९८१०८०११८९
१२	श्री ववित चौधरी	माली	१० पास	घोराही ९ मछई	९८४७९१४६९२

(स्रोत : कार्यालयको अभिलेख)

सेवा करार प्राविधिकहरुको विवरण

क्र.सं.	कर्मचारीको नाम	पद	श्रेणी/तह	स्थायी ठेगाना	सम्पर्क नं.	कै.
१	सुनिल चौधरी	ना.प.से.प्रा	सहायक चौथो	रासी ४ दाङ्ग	९८६६७३५३१२	
२	सृजना चौधरी	ना.प.से.प्रा	सहायक चौथो	राप्ती २ दाङ्ग	९८५७८३६८०१	
३	वुद्धिमान चलाउने	ना.प.से.प्रा	सहायक चौथो	कुमाख ४ सल्यान	९८६३१३७४४७	
४	भिम बहादुर रावत	ना.प.से.प्रा	सहायक चौथो	कुमाख ४ सल्यान	९८६४८६७७५५	
५	संवृद्धी एरी	ना.प.से.प्रा	सहायक चौथो	वाफिकोट ४ रुकुम पश्चिम	९८१०८२७४०६	
६	राजेश के.सी.	ना.प.से.प्रा	सहायक चौथो	कुमाख ६ सल्यान	९८५७८८७१११	
७	प्रेम चन्द्र साहनी	ना.प.से.प्रा	सहायक चौथो	वलरा ९ सर्लाही	९८६५२४५६४७	
८	गजेन्द्रसिं वस्नेत	ना.प.से.प्रा	सहायक चौथो	कुमाख ५ सल्यान	९८०९७१३०९३	
९	प्रकाश के.सी.	ना.प.से.प्रा	सहायक चौथो	वाँफिकोट ८ रुकुम पश्चिम	९८४८०५६९६८	

(स्रोतः कार्यालयको अभिलेख)

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र दाङ्गको नमुना कार्यविवरण (TOR)

- पशुपन्छीका रोग पहिचान गर्ने ।
- पशु स्वास्थ्य तथा नियमन कार्यक्रम गर्ने
- अनुदान वितरण गर्ने
- मत्स्य विकास प्रवर्द्धनमा सेवा पूऱ्याउने

पशु चिकित्सा तथा प्रयोगशाला शाखा

- पशुपन्छीको उपचार गर्ने
- पशु पन्छीमा खोप गर्ने गराउने
- इपिडिमियोलोजिकल रिपोटिङ्ग गर्ने गराउने
- पोष्टमार्टम सेवा प्रदान गर्ने

पशु विकास तथा प्रविधि प्रसार शाखा

- ❖ अनुदान कार्यक्रम संचालन गर्ने
- ❖ पशुपन्छी उत्पादन तथा प्रवर्द्धन सम्वन्धी कार्यक्रमहरु संचालन गर्ने
- ❖ आवश्यकता अनुसार प्रदेश तथा स्थानीय तहका पशुपन्छी पालन कृषकहरुलाई सम्वन्धीत निकाय वा शाखामा समन्वय गराउने ।
- ❖ जिल्ला स्तरमा पशुपन्छी जन्य उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन गर्ने गराउने ।
- ❖ पशुपन्छी कर्जा तथा विमा सहजीकरण एवं प्रवर्द्धन ।
- ❖ जिल्ला स्तरमा पशुपन्छी नश्ल सम्वन्धी गुणस्तर निर्धारण र नियमन ।
- ❖ पशु पोषणमा सुधार ल्याउन चरन खर्क विकास तथा घाँसे वाली प्रवर्द्धन सम्वन्धी कार्य गर्ने गराउने ।
- ❖ पशुपन्छी तथा घाँसे वालीको स्रोत केन्द्र विकास तथा विस्तार कार्यमा सहजीकरण गर्ने गराउने ।

मत्स्य विकास शाखा

- ❖ मत्स्य विकास सम्वन्धी कार्यक्रम संचालन गर्दा आवश्यकता अनुसार स्थानीय तहका पशुपन्छी तथा मत्स्य संग सम्वन्धीत निकाय वा शाखा संग समन्व्य गर्ने ।
- ❖ जिल्लास्तरमा रहेका प्राकृतिक जलाशय (नदी, खोला, ताल, तलैया, घोल एवंम सिमसार क्षेत्रमा) मत्स्य पालन संभाव्यता अध्ययन/सर्वेक्षण/ पालन गर्ने गराउने ।
- ❖ प्राकृतिक जलाशयमा जलीय जैविक विविधता कायम राख्दै उत्पादन वृद्धि गर्न आवश्यक कार्य गर्ने गराउने ।
- ❖ प्राकृतिक जलाशयबाट उत्पादन हुने मत्स्य तथा अन्य जलीय उत्पादनमा आश्रित समुदायको समाजिक/आर्थिक पक्षलाई सम्वोधन गर्न आवश्यक कार्य गर्ने गराउने ।
- ❖ जिल्लास्तरमा माछा तथा जलीयजिव पालन/व्यवस्थापनसंग सम्वन्धी नवीनतम प्रविधिहरुको विकास तथा विस्तार कार्य गर्ने गराउने ।
- ❖ जिल्लास्तरमा मत्स्य रोग नियन्त्रण/उपचार सम्वन्धी कार्य गर्ने गराउने ।

प्रशासन शाखा

- ❖ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको कर्मचारी प्रशासन सम्वन्धी कार्य गर्ने ।
- ❖ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको जिन्सी तथा स्टोर व्यवस्थापन लगाएत प्रशासनिक कार्य संचालन गर्ने ।
- ❖ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको लेखा तथा श्रेष्ता व्यवस्थापन सम्वन्धी कार्य गर्ने ।
- ❖ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको जनशक्ति व्यवस्थापन सम्वन्धी अन्य कार्य गर्ने ।

स्रोतः www.moald.gov.np

तालिका : ४

लुम्बिनी प्रदेश सरकार

कृषि, तथा भूमि व्यवस्था मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनलाय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र दाङ्ग

नागरिक वडा पत्र

क.स.	सेवाको प्रकृति	सेवाग्राहीले पुऱ्याउनु पर्ने प्रकृया र पेश गर्नु पर्ने कागजात	लाग्ने शुल्क /दस्तुर	लाग्ने समयावधी	सेवा प्रदान गर्ने जिम्मेवार शाखा	गुनासो सुन्ने पदाधिकारी
१	पशु चिकित्सा सेवा					
	गाई/भैसी	भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ल्याउनु पर्ने	२०।-	कार्यालय समय भित्र	पशु चिकित्सा तथा प्रयोगशाला शाखा	कार्यालय प्रमुख
	भेडा/बाखा/वंगुर/खरायो	,,	१०।-	,,	,,	,,
	पंन्छी	,,	१०।-	,,	,,	,,
	कुकुर/विरालो	,,	५०।-	,,	,,	,,
	हात्ती/घोडा	,,	५०।-	,,	,,	,,
२	प्रयोगशाला सेवा					
	गोवर परिक्षण	,,	२०।-	कार्यालय समय भित्र	,,	,,
	शव परिक्षण	पशुपन्छी सोही दिन मरेको हुनु पर्ने पुरानो सडेको शव परिक्षण	गाई भैसी बाखा रु २५०।-	कार्यालय समय भित्र	,,	,,

		गरिने छैन	पन्छी रु२५०।- विरालो रु. २५०।- हात्ति घोडा रु.५००।-			
३	माइनर सर्जिकल सेवा					
	बोका/रागो/साँढे सुमार्ने	भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा ल्याउनु पर्ने	गाइभैसी भेडा बाख्रा २० हातीघोडा बाँदर कुकुर बिरालो २५० संगुर बंगुर ५०।-	कार्यालय समय भित्र	,,	,,
४	प्रजनन् सेवा					
	कृत्रिम गर्भाधान सेवा गाई भैसी/बाख्रा	भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा ल्याउनु पर्ने	२५।-	आवश्यकता अनुसार सोही दिन भित्र	पशु विकास तथा प्रविधि प्रसार शाखा	,,
	गर्भ परिक्षण गाई/भैसी	,,	रु.१०।-	सोही दिन	,,	,,
	परामर्श सेवा					
५	मत्स्य पालन सम्वन्धी	कार्यालयमा आइ अनुरोध गरेमा	निशुल्क	सोही दिन	मत्स्य विकास शाखा	,,
६	पशु स्वास्थ्य तथा पशुपन्छी रोग सम्वन्धी	कार्यालयमा आइ अनुरोध गरेमा	निशुल्क	सोही दिन	पशु चिकित्सा तथा प्रयोगशाला	,,

					शाखा	
७	अनुदान सम्वन्धी	कार्यालयमा आइ अनुरोध गरेमा	निशुल्क	सोही दिन	पशु विकास तथा प्रविधि प्रसार शाखा	,,
८	विमा सम्वन्धी	कार्यालयमा आइ अनुरोध गरेमा	निशुल्क	सोही दिन	,,	,,
९	पशु सेवा संग सम्वन्धित ऐन नियम सम्वन्धि	कार्यालयमा आइ अनुरोध गरेमा	निशुल्क	सोही दिन	पशु चिकित्सा तथा प्रयोगशाला शाखा	,,
१०	विविध सिफारिस	आवश्यक कागजात सहित कार्यालयमा पेश भएमा	निशुल्क	सोही दिन	पशु विकास तथा प्रविधि प्रसार शाखा	,,

- **शुसाशनको विवरण :**

❖ सूचना अधिकारी तोकिएको ।
❖ सुशासन इकाई गठन भएको ।
❖ सार्वजनिक खरीद इकाई गठन भएको ।
❖ नागरीक वडापत्र राखिएको ।
❖ सुझाव पेटिका राखिएको ।
❖ वेरुजु सं.प.को लागि कारवाही अगाडि बढाएको ।
❖ मासिक स्टाफ बैठक वस्ने गरेको ।
❖ कार्यक्रमको सार्वजनिक सुनुवाई गर्ने गरेको ।

कार्यालयको खर्च भएर नजाने जिन्सी समानको विवरण

लुम्बिनी प्रदेश सरकार

कृषि तथा भूमि व्यवस्था मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र दाङ्ग

जिन्सी निरिक्षण फाराम

कार्यालय कोड नं. ३१२०२५६०१५

खर्च भएर नजाने जिन्सी समानको विवरण

क्र.सं.	विवरण	इकाई	परिमाण
१	ल्यापटप	पिस	५
२	पिकअप	संख्या	३
३	ल्याब्रोटरी फर्निचर/Laborotary Furniture	संख्या	१
४	दराज	पिस	१
५	स्टेबिलाइजेर	पिस	१
६	फ्रिज	पिस	४
७	प्रादेशिक अस्पताल भवन	संख्या	२
८	कम्युटर टेबुल	संख्या	६
९	प्रिन्टर	पिस	३
१०	डाइनिङ टेबुल	संख्या	१
११	कार्यालय भवन	संख्या	१
१२	खाट पलङ लोबेड	पिस	९
१३	जेनेरेटर	पिस	२
१४	भ्याकुम क्लिनर	पिस	१
१५	टि टेवल	संख्या	१२
१६	कुर्चि	पिस	१३
१७	कार्यालय प्रमुखको निवास	संख्या	१
१८	एयर कन्डीसनर	पिस	१

१९	सोफासेट	पिस	३
२०	Notice Board(नोटिस(सुचना बोर्ड/	पिस	१
२१	कर्मचारीको निवास	संख्या	१
२२	थ्रि सिटर)Three Seater)	पिस	६
२३	Scanner	पिस	१
२४	च्याक	पिस	४
२५	सोलार प्यानल	पिस	४
२६	एजुकेटीभ टेवुल	पिस	२
२७	यु पि एस	पिस	५
२८	माइक्रोस्कोप	संख्या	३
२९	मोटर साइकल	संख्या	१२
३०	स्टिल दराज	पिस	१०
३१	फ्याक्स मेशीन	पिस	१
३२	बेन्च	पिस	१
३३	गोदाम घर	संख्या	१
३४	रिभल्वभिङ चेयर	पिस	१५
३५	प्रोजक्टर स्क्रीन	LITRE	१
३६	डेस्कटप कम्युटर	पिस	१०
३७	बुक केश)Book Case)	पिस	२
३८	रेफ्रिजेनेटर (फ्रिज)	संख्या	२
३९	काउ लिफ्टर	संख्या	१
४०	मदर रेफ्री	संख्या	१
४१	ए.आइ.रेफ्री	संख्या	३

कार्यालयको बार्षिक प्रगति विवरण

तेस्रो चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन

बजेट उपशिर्षक नं. ३१२०२०१५

कार्यक्रम/आयोजनाको नामः- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र दाङ्ग

बजेट रु.

हजारमा

का.सं.नं.	कार्यक्रम / क्रियाकलाप	खर्च शिर्षक	एकाई	वार्षिक लक्ष्य			प्रतिवेदन अवधि (वार्षिक) सम्मको यस आ.व. को प्रगति		सूचकमा आधारित प्रमुख प्रतिफल/ उपलब्धि	कैफियत
				परिमाण	भार	बजेट	परिमाण	भारीत	सम्पन्न परिमाण	
१	२		३	४	५	६	१२	१३	१४	१५
(अ) पुँजीगत खर्चअन्तर्गतका कार्यक्रमहरु										
११.३.२४.२३	नयाँ तालिम हलको लागि फर्निचर तथा फिक्चर्स	३११२३	पटक	१	१.१४	२	१	**१.१४**	**१**	
११.४.२२.८५	कार्यालयको पछाडी भागमा रिटेनिङ वाल निर्माण	३११५९	पटक	१	११.४	२०	१	**८.०**	**१**	
११.५.२२.१०	कार्यालय भवनको रङ्गरोगन तथा मर्मत सम्भार	३११७१	पटक	१	०.५७	१	०.४	**०.२३**	**१**	
(क) पुँजीगत खर्च कार्यक्रमको जम्मा					**१३.१**	**२३.०**	**२**	**९.३**	**७१**	
(आ) चालू खर्च अन्तर्गतका कार्यक्रमहरु										
२.१.१.१	धाराको महसुल	२२१११	पटक	१५०	०.२१	०.३६	१५०	**०.२**		

का.सं.नं.	कार्यक्रम / क्रियाकलाप	खर्च शिर्षक	एकाई	वार्षिक लक्ष्य			प्रतिवेदन अवधि (वार्षिक) सम्मको यस आ.व. को प्रगति		सूचकमा आधारित प्रमुख प्रतिफल/ उपलब्धि	कैफियत
				परिमाण	भार	बजेट	परिमाण	भारीत	सम्पन्न परिमाण	
१.१.१.७	अधिकृतस्तर छैटौं	२१११११	जना	०	१८.१३	३१.८१				
१.१.१.३०	का. स. पाँचौं स्तर	२१११११	जना	०	०.४२	०.७४				
१.१.१.३५	अधिकृतस्तर नवौं/दशौं	२१११११	जना	०	१.०९	१.९२				
१.१.१.३६	अधिकृतस्तर सातौं/आठौं	२१११११	जना	०	९.२३	१६.१९				
१.१.१.५३	सहायक चौथो/पाचौं	२१११११	जना	०	७.२८	१२.७८				
२.१.२.२	विजुली महशुल (बिजुली महसुल)	२२१११	युनिट	७००	१.४४	२.५२	७००	१.४		
२.१.३.१	जारको पिउने पानी	२२१११	जार	४०.५	०.१७	०.३	४१	०.२		
२.१.६.१	टेलिफोन महसुल	२२११२	पटक	१	०.१४	०.२५	१	०.१		
२.१.६.३	कार्यालय प्रमुखका लागि मोबाइल खर्च	२२११२	जना	१	०.०७	०.१२	१	०.१		
२.१.६.८	सूचना अधिकारीको लागि मोवाइल खर्च	२२११२	जना	१	०.०३	०.०६	१	०.०		
२.१.७.१	ईमेल/ इन्टरनेट/वेवसाइट महसुल	२२११२	पटक	१	०.२१	०.३६	१	०.२		
२.१.९.२	हुलाक/कुरियर खर्च	२२११२	पटक	१	०.०६	०.१	१	०.१		
१.२.२.१	स्थायी कर्मचारीको महंगी भत्ता	२११३२	जना	९	१.२३	२.१६	९	१.२		
१.२.२.२	करारका कर्मचारीको महँगी भत्ता	२११३२	जना	३	०.४१	०.७२	३	०.४		
२.२.२.२	पेट्रोल- दुई पाङ्ग्रे	२२२१२	लीटर	४८०	०.४७	०.८२	४६०	०.५		
२.२.२.५	डिजेल-चार पाङ्ग्रे	२२२१२	लीटर	८४०	०.८४	१.४७	८२०	०.८		

का.सं.नं.	कार्यक्रम / क्रियाकलाप	खर्च शिर्षक	एकाई	वार्षिक लक्ष्य			प्रतिवेदन अवधि (वार्षिक) सम्मको यस आ.व. को प्रगति		सूचकमा आधारित प्रमुख प्रतिफल/ उपलब्धि	कैफियत
				परिमाण	भार	बजेट	परिमाण	भारीत	सम्पन्न परिमाण	
२.२.२.१२	कार्यक्रम कार्यान्वयन,अनुगमन तथा मुल्याङ्कन खर्च	२२२१२	लीटर	१०८०	१.०५	१.८४	९००	०.९		
२.२.३.२	ग्याँस	२२३१४	संख्या	८	०.०९	०.१६	८	०.१		
२.२.३.६	सवारी साधन बाहेकका मेसिनरी औजारमा प्रयोग हुने इन्धन खर्च	२२३१४	लीटर	३००	०.२९	०.५	२००	०.२		
१.२.४.३	मूल्याङ्कन समितिको बैठक भत्ता	२११३४	पटक	३	०.४३	०.७५	२	०.३		
१.२.८.१	प्रसुती स्याहार भत्ता	२११३९	जना	२	०.०६	०.१		०.०		
१.२.१०.१	पाले पहरा भत्ता	२११३९	जना	१	०.१९	०.३३	१	०.२		
१.२.१०.३	चाडपर्व पालो पहरा भत्ता	२११३९	जना	१	०.०२	०.०३	१	०.०		
१.२.१३.१	आन्तरिक पर्यटन प्रवर्द्धन खर्च	२११३९	जना	१२	१.७१	३	११	१.६		
१.३.१.१	निजामती कर्मचारीहरुको पोशाक खर्च	२११२१	जना	९	०.५१	०.९	९	०.५		
२.३.१.२	हलुका सवारी साधन मर्मत खर्च	२२२१३	वटा	१	१.४३	२.५	१	१.४		
२.३.१.३	दुई पाङ्ग्रे सवारी साधन मर्मत खर्च	२२२१३	वटा	७	०.४	०.७	७	०.४		
२.३.२.११	मेसिनरी तथा अन्य औजार उपकरण मर्मत	२२२२१	पटक	२	०.५७	१	१	०.३		
२.४.१.२	कार्यालयको मसलन्द तथा सामाग्री खरिद	२२३११	पटक	४	१.८२	३.२	३	१.४		

का.सं.नं.	कार्यक्रम / क्रियाकलाप	खर्च शिर्षक	एकाई	वार्षिक लक्ष्य			प्रतिवेदन अवधि (वार्षिक) सम्मको यस आ.व. को प्रगति		सूचकमा आधारित प्रमुख प्रतिफल/ उपलब्धि	कैफियत
				परिमाण	भार	बजेट	परिमाण	भारीत	सम्पन्न परिमाण	
२.४.१३.२	छपाई तथा सुचना खर्च	२२३१५	पटक	४	०.४६	०.८	४	०.५		
२.५.२.६९	पशु स्वास्थ्य सेवाका लागि पशु चिकित्सक सेवा लिने	२२४११	जना	१	३.१५	५.५२	१	३.२		
२.५.७.२	हलुका सवारी चालक करार	२२४१३	जना	१	२.०७	३.६४	१	२.१		
२.५.७.३	कार्यालय सहयोगी करार	२२४१३	जना	२	३.७१	६.५	२	३.७		
२.५.७.८	सेवा करार पोशाक	२२४१३	जना	३	०.१७	०.३	३	०.२		
२.५.७.२७	स्थानीय तहहरूमा प्राविधिक कर्मचारी करार	२२४१३	जना	९	२०.३२	३५.६४	९	२०.३		
२.५.१०.५	कम्प्यूटर तथा सफ्टवेयर मेन्टेनेन्स तथा परामर्श सेवा	२२४१९	संख्या	१	०.३४	०.६	१	०.३		
२.५.१०.६	बगैचा व्यवस्थापन तथा सरसफाई माली करार	२२४१९	जना	१	१.२३	२.१६	१	१.२		
२.५.१०.१६	कार्यालय सरसफाइ स्वीपर	२२४१९	जना	१	०.४८	०.८४	०	०.०		
२.६.१.२६	कर्मचारी क्षमता अभिवृद्धि तालिममा सहभागी	२२५११	पटक	३	०.२९	०.५	३	०.३		
१.६.२.१	योगदानमा निवृतभरण	२१२१२	जना	१	०.२७	०.४८	०	०.०		

का.सं.नं.	कार्यक्रम / क्रियाकलाप	खर्च शिर्षक	एकाई	वार्षिक लक्ष्य			प्रतिवेदन अवधि (वार्षिक) सम्मको यस आ.व. को प्रगति		सूचकमा आधारित प्रमुख प्रतिफल/ उपलब्धि	कैफियत
				परिमाण	भार	बजेट	परिमाण	भारीत	सम्पन्न परिमाण	
१.६.४.१	स्थायी कर्मचारी बीमा	२१२१३	संख्या	९	०.२५	०.४४		०.०		
२.७.२५.५०	कार्यालय सौन्दर्यकरण	२२५२२	पटक	२	०.२९	०.५	२	०.३		
२.८.१.९	कार्यक्रमको अनुगमन तथा मूल्याकंन	२२६११	पटक	४	१.५	२.६४	४	१.५		
२.८.२.२	कार्यक्रम तर्जुमा, समिक्षा गोष्ठीमा भाग लिने	२२६१२	पटक	२	०.२७	०.४८	२	०.३		
२.८.२.३	सरुवा भ्रमण खर्च	२२६१२	पटक	१	०.२९	०.५		०.०		
२.९.२.१	वीमा सवारी साधन	२२२१४	संख्या	८	०.४६	०.८	८	०.५		
२.९.४.१	पुराना सवारी साधनको नविकरण शुल्क	२२२१४	पटक	८	०.४६	०.८	४	०.२		
२.९.९.१	कार्यालयमा चियापान तथा अतिथि सत्कार	२२७११	पटक	४	०.९१	१.६	४	०.९		
(ख) चालु खर्च कार्यक्रमको जम्मा					**८६.९**	**१५२.४**		**४७.९**	**५५**	
चालु/पुँजिगतको जम्मा					**१००.०**	**१७५.४३**		**५७.२**	**५७**	

वार्षिक भारित प्रगतिः ९०.३८

वार्षिक वित्तिय प्रगतिः ७१.४३

बजेट उपशिर्षक नं. ३१२०००१४

कार्यक्रम/आयोजनाको नामः- मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम

(बजेट रु. हजारमा)

का.सं.नं.	कार्यक्रम / क्रियाकलाप	खर्च शिर्षक	एकाई	वार्षिक लक्ष्य			प्रतिवेदन अवधि (वार्षिक) सम्मको यस आ.व. को प्रगति		सूचकमा आधारित प्रमुख प्रतिफल/ उपलब्धि	कैफियत
				परिमाण	भार	बजेट	परिमाण	भारीत	सम्पन्न परिमाण	
१	२		३	४	५	६	१२	१३	१४	१५
(अ) पुँजीगत खर्चअन्तर्गतका कार्यक्रमहरु										
(आ) चालू खर्च अन्तर्गतका कार्यक्रमहरु										
५.१.११.२०	नया पोखरी निर्माण	२६४१३	हेक्टर	५	४२.३७	२५	३	**२५.४**		
२.७.१७.१६	मत्स्य शिविर सेवा संचालन	२२५२२	पटक	१	३.३९	२	१	**३.४**		
२.७.१७.५४	माछा पोखरीको लागि बोरिङ जडानमा सहयोग	२६४१३	संख्या	५	८.४७	५	०	**०.०**		
२.७.१७.५९	पुरानो पोखरी मर्मत संभार (सिल्पोलिन सहित)	२६४१३	हेक्टर	३	२५.४२	१५	२	**१६.९**		
२.७.१७.६१	मत्स्य बजारीकरणको लागि होल्डिङ्ग तथा कन्डिसङ्ग ट्यांक निर्माण	२६४१३	संख्या	५	८.४७	५	१	**१.७**		
२.७.१७.६२	प्राकृतिक जलाशयमा मत्स्य प्रवर्द्धन	२२५२२	पटक	१	८.४७	५	१	**८.५**		
२.७.१७.६६	मत्स्य प्रविधि प्रदर्शन	२२५२२	पटक	१	३.३९	२	१	**३.४**		
(ख) चालु खर्च कार्यक्रमको जम्मा					१००.०	५९.००		**५९.३**		

वार्षिक भारित प्रगतिः ५९.३

वार्षिक वित्तिय प्रगति ४२.४६

बजेट उपशिर्षक नं. ३१२०००२१

कार्यक्रम/आयोजनाको नामः- पशुपन्छी उत्पादन, बजारीकरण, नियमन, प्रविधि प्रसार कार्यक्रम (बजेट रु. हजारमा)

का.सं.नं.	कार्यक्रम / क्रियाकलाप	खर्च शिर्षक	एकाई	वार्षिक लक्ष्य			प्रतिवेदन अवधि (वार्षिक) सम्मको यस आ.व. को प्रगति		सूचकमा आधारित प्रमुख प्रतिफल/ उपलब्धि	कैफियत
				परिमाण	भार	बजेट	परिमाण	भारीत	सम्पन्न परिमाण	
१	२		३	४	५	६	१२	१३	१४	१५
(अ) पुँजीगत खर्चअन्तर्गतका कार्यक्रमहरु										
(आ) चालू खर्च अन्तर्गतका कार्यक्रमहरु										
५.१.११.१३७	प्रतिफलमा आधारित प्रोत्साहन अनुदान	२६४१३	पटक	१	१५.७८	५०	१	१५.८		
५.१.११.२३१	पोषण सुधारका लागि ग्रामिण कुखुरा पालन कार्यक्रम	२६४१३	संख्या	२	३.१६	१०	२	३.२		
२.२.२.१२	कार्यक्रम कार्यान्वयन,अनुगमन तथा मुल्याङ्कन खर्च	२२२१२	लीटर	१११६	०.६२	१.९६	१११६	०.६		
१.२.११.१३	विभिन्न समिति, सन्जाल, सरोकारवालाहरुसंगको बैठक	२११४१	पटक	४	०.३२	१	०	०.०		
१.२.११.२२	जिल्ला स्तरिय बर्ड फ्लु नियन्त्रण समितीको बैठक	२११४१	पटक	१	०.३२	१	०	०.०		
२.४.१२.३३	वार्षिक प्रगती तथा तथ्याङ्क पुस्तिका प्रकाशन	२२३१५	पटक	१	०.२४	०.७५	१	०.२		
२.६.४.१३६	जिल्ला स्तरीय अगुवा कृषक तालिम	२२५१२	पटक	२	०.९५	३	२	१.०		

का.सं.नं.	कार्यक्रम / क्रियाकलाप	खर्च शिर्षक	एकाई	वार्षिक लक्ष्य			प्रतिवेदन अवधि (वार्षिक) सम्मको यस आ.व. को प्रगति		सूचकमा आधारित प्रमुख प्रतिफल/ उपलब्धि	कैफियत
				परिमाण	भार	बजेट	परिमाण	भारीत	सम्पन्न परिमाण	
१	२		३	४	५	६	१२	१३	१४	१५
२.६.५.२२	घुम्ति स्थलगत तालिम	२२५१२	संख्या	८	०.५१	१.६	४	०.३		
२.६.६.७२	एक स्वास्थ्य अवधारणा कार्यान्वयन गोष्ठी	२२५१२	पटक	१	०.३२	१	०	०.०		
२.६.६.२००	स्थानीय तहका प्राविधिकहरुसंग अन्तरकृया गोष्ठी	२२५१२	पटक	३	०.७१	२.२५	१	०.२		
२.६.६.२०१	स्थानीय तहसंग योजना तर्जुमा गोष्ठी	२२५१२	पटक	१	०.३२	१	१	०.३		
२.६.६.२४७	भ्याक्सिनेटर अभिमुखिकरण	२२५१२	पटक	१	०.१६	०.५	१	०.२		
२.६.६.२६०	दुध/माछा/मासु विक्रेताहरुको लागि अभिमुखिकरण	२२५१२	पटक	१	०.१६	०.५	१	०.२		
२.६.६.२६१	इन्सिमिनेटर संग अभिमुखिकरण	२२५१२	पटक	१	०.२४	०.७५	१	०.२		
२.७.५.९८	मेला, दिवस, सप्ताह, महोत्सव संचालन तथा सहभागी	२२५२२	पटक	४	०.५१	१.६	३	०.४		
२.७.५.१००	रेडियो, टिभी र पत्रपत्रिकाबाट सन्देशमूलक सूचना प्रसारण	२२५२२	पटक	४	०.१९	०.६	४	०.२		
२.७.७.७	संयुक्त अनुगमन तथा मुल्यांकन	२२५२२	पटक	१	०.३२	१	०	०.०		
२.७.१५.१०२४	लक्षित समुदाय विशेष आय आर्जन कार्यक्रम	२२५२२	संख्या	४०	४.२७	१३.५३	४०	४.३		

का.सं.नं.	कार्यक्रम / क्रियाकलाप	खर्च शिर्षक	एकाई	वार्षिक लक्ष्य			प्रतिवेदन अवधि (वार्षिक) सम्मको यस आ.व. को प्रगति		सूचकमा आधारित प्रमुख प्रतिफल/ उपलब्धि	कैफियत
				परिमाण	भार	बजेट	परिमाण	भारीत	सम्पन्न परिमाण	
१	२		३	४	५	६	१२	१३	१४	१५
२.७.१५.१०२५	विपदबाट क्षति पुगेका कृषक/उद्यमी/फर्म/समूह/सहकारीलाई पुनर्स्थापनाका लागि वस्तुगत सहयोग कार्यक्रम	२२५२२	पटक	४	०.६३	२	०	०.०		
२.७.१५.१०३५	विगतमा सञ्चालित स्मार्ट कृषि गाउँ कार्यक्रम हस्तान्तरण तथा फलोअप कार्यक्रम	२२५२२	पटक	१	०.३८	१.२	०	०.०		
२.७.१५.१०३३	रेडियोसँग कृषि प्राविधिक	२२५२२	पटक	४	०.१६	०.५	०	०.०		
२.७.१५.१०३१	प्रदेशबाट खटाइएका स्थानीय तहमा कार्यरत करार प्राविधिकहरुको वैठकमा आतेजाते र खाजा खर्च	२२५२२	पटक	६	०.२६	०.८१	५	०.२		
२.७.१५.१०८०	कृषक प्राविधिक भेटघाट कार्यक्रम	२२५२२	पटक	१२	०.३८	१.२	६	०.२		
२.७.१५.१११०	बंगुर प्रबर्धन कार्यक्रम (तुल्सीपुर उपमहानगरपालिका)	२२५२२	पटक	२	५.४१	१७.१४	१	२.७		
२.७.१५.१२२७	स्मार्ट कृषि गाँउ कार्यक्रम क्रमागत २०७७/७८ (आ.व.२०८०/८१ को बाँकी भुक्तानी)	२६४१३	पटक	१	४.०७	१२.९१	१	४.१		

का.सं.नं.	कार्यक्रम / क्रियाकलाप	खर्च शिर्षक	एकाई	वार्षिक लक्ष्य			प्रतिवेदन अवधि (वार्षिक) सम्मको यस आ.व. को प्रगति		सूचकमा आधारित प्रमुख प्रतिफल/ उपलब्धि	कैफियत
				परिमाण	भार	बजेट	परिमाण	भारीत	सम्पन्न परिमाण	
१	२		३	४	५	६	१२	१३	१४	१५
२.७.१५.६१८	आवश्यकतामा आधारित कृषि/पशुपन्छी विकास कार्यक्रम	२२५२२	पटक	२	१.८९	६	०	०.०		
२.७.१५.८४४	पशुपन्छी तथा मत्स्य स्वास्थ्य आकस्मिक सेवा	२२५२२	पटक	४	०.३२	१	२	०.२		
२.७.१६.८७	बाली वस्तु विशेष सघन व्यवसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम(भैसीपालन र बाख्रापालन)	२२५२२	पटक	२	१५.७८	५०	१	७.९		
२.७.१८.३५	इपिडिमियोलोजिकल अवस्थाको पहिचान र रिपोर्टिङ्ग	२२५२२	पटक	१२	०.०२	०.०६	१२	०.०२		
२.७.१८.४८	पशुपन्छी तथा मत्स्य नियमन कार्यक्रम	२२५२२	पटक	४	०.५१	१.६	०	०.०		
२.७.१८.८७	Door to Door पशु बाझोपन निवारण सेवा	२२५२२	पटक	३	१.८९	६	१	०.६		
२.७.१८.८९	प्रयोगशाला सेवा संचालन तथा रोग निदान	२२५२२	पटक	४	०.३२	१	४	०.३		
२.७.१८.९०	नमुना संकलन तथा प्रेशण	२२५२२	पटक	४	०.१३	०.४	४	०.१		
२.७.१८.१५३	भ्याक्सिनेटर परिचय पत्र	२२५२२	पटक	१	०.०५	०.१५	१	०.१		
२.७.१८.३०७	spaying/neutering कार्यक्रम	२२५२२	पटक	१	०.९५	३	१	१.०		

का.सं.नं.	कार्यक्रम / क्रियाकलाप	खर्च शिर्षक	एकाई	वार्षिक लक्ष्य			प्रतिवेदन अवधि (वार्षिक) सम्मको यस आ.व. को प्रगति		सूचकमा आधारित प्रमुख प्रतिफल/ उपलब्धि	कैफियत
				परिमाण	भार	बजेट	परिमाण	भारीत	सम्पन्न परिमाण	
१	२		३	४	५	६	१२	१३	१४	१५
२.७.१८.३५४	पशुपन्छी उपचार सेवा	२२५२२	पटक	४	२.२१	७	४	२.२		
२.७.१८.३५६	पशु स्वास्थ्य शिविर	२२५२२	संख्या	३	१.४२	४.५	३	१.४		
२.७.१८.३६०	कृषक सम्मान कार्यक्रम	२२५२२	पटक	१	०.१६	०.५	०	०.०		
२.७.१८.३६२	भ्याक्सिनेटर परिचालन	२२५२२	पटक	१	३.१६	१०	१	३.२		
२.७.१८.३६३	खोपका लागि लजिष्टिक खरिद	२२५२२	पटक	४	१.२६	४	३	०.९		
२.७.१८.३६६	अत्यावस्यक खोप खरिद	२२५२२	पटक	४	०.३२	१	२	०.२		
२.७.१८.३९०	भ्याक्सिन बैंक व्यवस्थापन तथा संचालन	२२५२२	पटक	१	०.२४	०.७५	१	०.२		
